ठ. पोखरा महानगरपालिका बालबालिकाको अधिकार व्यवस्थित गर्न बनेको ऐन, (२०७४ पहिलो संशोधन)

ड. पोखरा महानगरपालिकाको न्यायीक समिति ऐन, २०७४ (दोश्रो संशोधन)

**निर्णय नं. ६.**

यस पोखरा महानगरपालिकाको विधायन समितिबाट सिफारिस भई संशोधन प्रस्तावहरु आएका तपसिल बमोजिमको नियमावली स्वीकृत गर्ने निर्णय गरियो ।

क. कार्य विभाजन नियमावली (पहिलो संशोधन)

ख. कार्य सम्पादन नियमावली (पहिलो संशोधन)

ग. नगर कार्यपालिका निर्णय आदेश र अधिकार पत्रको प्रमाणीकरण नियमावली (पहिलो संशोधन)

घ. शहरी योजना आयोग गठन नियमावली (दोश्रो संशोधन)

**निर्णय नं. ७.**

यस पोखरा महानगरपालिकाको विधायन समितिबाट सिफारिस भई आएको लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधी, २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस महानगरपालिका संग साझेदारी गरी फाहोर संकलन तथा व्यवस्थापन गर्दै आएका कम्पनीहरुको सम्झौता अवधि मिति २०७७ पौष मसान्तमा समाप्त भएकाले निम्न शर्तको अधिनमा रही म्याद समाप्त भएको मिति २०७७ माघ १ देखि २०७७ चैत्र सम्म ३ महिना म्याद थप गर्ने ।

**शर्तहरु:**

१. आर्थिक ऐन, २०७७ बमोजिम स्वीकृत दरमा नै शुल्क उठाउनु पर्ने । यो व्यवस्था कार्यान्वयन गर्ने कबुलियत गर्ने संस्थाको मात्रै म्याद थप गर्ने ।

२. संस्थाहरुले स्वीकृत म्याद भन्दा बढी सामयको शुल्क असुल गर्न नपाउने ।

३. कोही कसैले Advance भनी २०७७ चैत्र मसान्त पछिको समेत शुल्क असुल गरेको छ भने शुल्क समायोजन गर्नु भनी सार्वजनिक सूचना जारी गर्नुपर्ने ।

४. १ वर्ष भन्दा पुरानो बक्यौता असूल गर्नुपर्ने पर्दा सरसफाई शाखाको स्वीकृति लिनुपर्ने ।

**निर्णय नं. ९**

यस महानगरपालिकाको कर्मचारी व्यवस्थापन समिति, तथा नगर कार्यपालिकामा यस विषयमा विचार विमर्श गरी, आफ्नो सिर्जनशील जीवनको लामो समय आफ्नो योग्यता र क्षमता वमोजिम यस महानगरपालिकालाई सेवा प्रदान गरेका अस्थायी, करार, सेवा करार तथा ज्यालादारी कर्मचारीहरुलाई, स्थानीय सेवा सम्बन्धी कानुन तर्जुमा भएपछि सोही वमोजिम हुने गरी, हाललाई अनिवार्य अवकाश तथा स्वेच्छिक राजीनामा र यस निर्णय बमोजिम १ महिना भित्र आवेदन गरी राजिनामा गरी स्वेच्छिक अवकाश लिन चाहने कर्मचारीलाई निम्न बमोजिम अवकाश सुविधा दिने गरी सम्मानीत नगर सभामा स्वीकृतीको लागि प्रस्ताव पेश गर्ने ।

मिति : २०७७/१०/२४ गते (शनिवार), स्थान : पोखरा महानगरपालिकाको सभाकक्ष,

बैठक सख्या : ४६ समय : दिउसो १ : ०० बजे,

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री मान बहादुर जि.सी.ज्यूको अध्यक्षतामा यस महानगरपालिका नगर कार्यपालिकाको बैठक महानगरपालिकाको सभाकक्षमा तपसिल बमोजिको उपस्थितिमा बसि देहायनुसारको निर्णय गरियो ।

**उपस्थिती :**

| | | |
|---|---|---|
| अध्यक्ष | श्री मानबहादुर जि.सी. | प्रमुख |
| सदस्य | श्री मञ्जुदेवी गुरुङ्ग | उप-प्रमुख |
| सचिव | श्री महेश बराल | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | श्री शारदा पराजुली | वडा अध्यक्ष वडा नं. १ |
| सदस्य | श्री रामेश्वर मल्ल | वडा अध्यक्ष वडा नं. २ |
| सदस्य | श्री रबिन्द्र बहादुर प्रजु | वडा अध्यक्ष वडा नं. ३ |
| सदस्य | श्री शंकर प्रसाद बँस्तोला | वडा अध्यक्ष वडा नं. ४ |
| सदस्य | श्री धनबहादुर नेपाली | वडा अध्यक्ष वडा नं. ५ |
| सदस्य | श्री जगतबहादुर पाहारी | वडा अध्यक्ष वडा नं. ६ |
| सदस्य | श्री रामचन्द्र बराल | वडा अध्यक्ष वडा नं. ७ |
| सदस्य | श्री रुद्रनाथ बराल | वडा अध्यक्ष वडा नं. ८ |
| सदस्य | श्री रामराज लामिछाने | वडा अध्यक्ष वडा नं. ९ |
| सदस्य | श्री राजकुमार गरुङ्ग | वडा अध्यक्ष वडा नं. १० |
| सदस्य | श्री मोहन प्रसाद बाँस्तोला | वडा अध्यक्ष वडा नं. ११ |
| सदस्य | श्री रामबहादुर कार्की | वडा अध्यक्ष वडा नं. १२ |
| सदस्य | श्री लेखबहादुर तामाङ्ग | वडा अध्यक्ष वडा नं. १३ |
| सदस्य | श्री प्रेमबहादुर कार्की | वडा अध्यक्ष वडा नं. १४ |
| सदस्य | श्री प्रकाश पौडेल | वडा अध्यक्ष वडा नं. १५ |
| सदस्य | श्री जिबन प्रसाद आचार्य | वडा अध्यक्ष वडा नं. १६ |
| सदस्य | श्री तिर्थराज अधिककारी | वडा अध्यक्ष वडा नं. १७ |

| | | |
|---|---|---|
| सदस्य | श्री रणबहादुर थापा | वडा अध्यक्ष वडा नं. १८ |
| सदस्य | श्री शोभामोहन पौडेल | वडा अध्यक्ष वडा नं. १९ |
| सदस्य | श्री सिमबहादुर गुरुङ्ग | वडा अध्यक्ष वडा नं. २० |
| सदस्य | श्री खगराज आचार्य | वडा अध्यक्ष वडा नं. २१ |
| सदस्य | श्री मित्रलाल वराल | वडा अध्यक्ष वडा नं. २२ |
| सदस्य | श्री विष्णु प्रसाद पराजुली | वडा अध्यक्ष वडा नं. २३ |
| सदस्य | श्री ओम प्रसाद सुवेदी | वडा अध्यक्ष वडा नं. २४ |
| सदस्य | श्री शोभाकर तिमिल्सीना | वडा अध्यक्ष वडा नं. २५ |
| सदस्य | श्री नारायण प्रसाद वराल | वडा अध्यक्ष वडा नं. २६ |
| सदस्य | श्री पूर्णकुमार गुरुङ्ग | वडा अध्यक्ष वडा नं. २७ |
| सदस्य | श्री निर्मल दियाली | वडा अध्यक्ष वडा नं. २८ |
| सदस्य | श्री चेतबहादुर गुरुङ्ग | वडा अध्यक्ष वडा नं. २९ |
| सदस्य | श्री श्रीराम पोखरेल | वडा अध्यक्ष वडा नं. ३० |
| सदस्य | श्री कमल वहादुर थापा | वडा अध्यक्ष वडा नं. ३१ |
| सदस्य | श्री अक्कल वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ३२ |
| सदस्य | श्री शिवप्रसाद आचार्य | वडा अध्यक्ष वडा नं. ३३ |
| सदस्य | श्री पुष्पा घले पहारी | पो.म.न.पा. वडा नं. ६ |
| सदस्य | श्री बुधराज भुजेल (भिमसेन) | पो.म.न.पा. वडा नं. ६ |
| सदस्य | श्री ओम प्रसाद गौचन | पो.म.न.पा. वडा नं. ७ |
| सदस्य | श्री यशोदा के.सी.भट्टराई | पो.म.न.पा. वडा नं. १४ |
| सदस्य | श्री राधिका शाही योगि | पो.म.न.पा. वडा नं. १७ |
| सदस्य | श्री मनबुजा वि.क. | पो.म.न.पा. वडा नं. २० |
| सदस्य | श्री सन्तुदेबी सुवेदी | पो.म.न.पा. वडा नं. २४ |
| सदस्य | श्री चतुरे बि.क. | पो.म.न.पा. वडा नं. ३१ |

# ४६ औं कार्यपालिका बैठकको प्रस्तावहरु

**१) नगर सभाको कार्यक्रम तर्जूमा गर्ने ।**

**२) नगर सभामा पेश गरीने निम्न विध्येयकहरु स्वीकृत गर्ने ।**

क. कृषि ऐन, २०७७
ख. पोखरा महानगर पुर्वाधार विकास निगम ऐन, २०७७
ग. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७
घ. पर्यटन ऐन, २०७७
ङ. विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७७
च. गैरसरकारी संस्था परिचालन ऐन , बिध्येयक २०७७ खारेजी

**३) नगर सभामा पेश गरिने निम्न ऐनहरुको संशोधन प्रस्ताव स्वीकृत गर्ने ।**

क. पोखरा महानगरपालिकाको आर्थिक कार्यविधि ऐन, २०७५ (पहिलो संशोधन बिध्येयक)
ख. गण्डकी बहुप्राविधिक शिक्षालय ऐन, २०७६ (पहिलो संशोधन बिध्येयक)
ग. कर तथा गैर कर राजश्व सम्बन्धी ऐन, २०७७ (पहिलो संशोधन विध्येयक)
घ. पोखरा महानगरपालिका खेलकुद विकास ऐन, २०७५ (पहिलो संशोधन बिध्येयक)
ङ. सार्वजनिक निजी साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ (दोश्रो संशोधन बिध्येयक)
च. पोखरा महानगरपालिकाको पूर्वाधार विकासलाई व्यवस्थापन गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन बिध्येयक)
छ. कृषि व्यवसाय प्रवर्धन ऐन, २०७४ (पहिलो संशोधन विध्येयक)
ज. पोखरा महानगरपालिका सहकारी ऐन, २०७५ (पहिलो संशोधन विध्येयक)
झ. पोखरा महानगरपालिका शुशासन ऐन, २०७५ पहिलो संशोधन विध्येयक)
ञ. नगर प्रहरी ऐन, २०७५ (पहिलो संशोधन विध्येयक)
ट. पोखरा महानगरपालिका फोहोर मैला व्यवस्थापन ऐन, २०७४ (पहिलो संशोधन बिध्येयक)
ठ. पोखरा महानगरपालिका बालबालिकाको अधिकार व्यवस्थित गर्न बनेको ऐन, (२०७४ पहिलो संशोधन)
ड. पोखरा महानगरपालिकाको न्यायीक समिति ऐन, २०७४ (दोश्रो संशोधन)

**४) नगर सभामा पेश गरिने निम्न नियमावलीको संशोधन प्रस्ताव स्वीकृत गर्ने ।**

क. कार्य विभाजन नियमावली (पहिलो संशोधन)
ख. कार्य सम्पादन नियमावली (पहिलो संशोधन)
ग. नगर कार्यपालिका निर्णय आदेश र अधिकार पत्रको प्रमाणीकरण नियमावली (पहिलो संशोधन)
घ. शहरी योजना आयोग गठन नियमावली (दोश्रो संशोधन)

५) लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधी, २०७७ स्वीकृत गर्ने सम्बन्धी ।

६) फोहोर मैला व्यवस्थापन गरिरहेका कम्पनीहरुको म्याद ३ महिना थप गर्ने सम्बन्धी ।

**७) नगर सभामा पेश गरिने निम्न विशेष प्रस्तावहरु स्वीकृत गर्ने सम्बन्धी ।**

क) अवकाश प्राप्त कर्मचारीको सुबिधा सम्बन्धमा ।

ख) स्वीकृत वार्षिक बजेटमा संशोधन तथा परिमार्जन सम्बन्धी ।

८) RTO Road को बिस्तारको लागि घरटहरा हटाउने सम्बन्धी ।

९) विश्व बैंकको सहयोग तथा शहरी विकास तथा भवन विभागको समन्वयमा संचालन हुने Urban Governance & Infrastructure Project स्वीकृत गर्ने सम्बन्धी ।

१०) जग्गा व्यवस्थापन भएका वडा कार्यालयहरुको भवन निमांण सम्बन्धी ।

**११) विविध**

## ४६ औं नगर कार्यपालिका बैठकका निर्णयहरु :

### निर्णय नं. १

यस पोखरा महानगरपालिकाको मिति २०७७ माघ २५-२७ सम्म गते हुने आठौं नगर सभाको कार्यक्रम स्वीकृत गरियो ।

### निर्णय नं. २

यस पोखरा महानगरपालिकाको बिधायन समितिबाट सिफारिस भई आएका तपसिल बमोजिमको विधेयकहरुमाथि छलफल भै स्वीकृतीको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

क. पोखरा महानगरपालिकाको कृषि ऐन, २०७७
ख. पोखरा महानगर पुर्वाधार विकास निगम ऐन, २०७७
ग. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७
घ. पोखरा महानगरपालिकाको पर्यटन ऐन, २०७७
ङ. विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७७

### निर्णय नं. ३

पोखरा महानगरपालिकाको गैर सरकारी संस्था संचालन कार्यविधी, २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

### निर्णय नं. ४

पोखरा महानगरपालिकाको गैरसरकारी संस्था संचालन ऐन, २०७५ खारेज गर्ने विधेयक प्रस्ताव स्वीकृतिका लागि नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

### निर्णय नं. ५

यस पोखरा महानगरपालिकाको विधायन समितिबाट सिफारिस भई आाएका तपसिल बमोजिमको संशोधन विधेययकहरुमाथि छलफल भै स्वीकृतिको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

क. पोखरा महानगरपालिकाको आर्थिक कार्यविधि ऐन, २०७५ (पहिलो संशोधन बिध्येयक)
ख. गण्डकी बहुप्राविधिक शिक्षालय ऐन, २०७६ (पहिलो संशोधन बिध्येयक)
ग. कर तथा गैर कर राजश्व सम्बन्धी ऐन, २०७७ (पहिलो संशोधन विध्येयक)
घ. पोखरा महानगरपालिका खेलकुद विकास ऐन, २०७५ (पहिलो संशोधन बिध्येयक)
ङ. सार्वजनिक निजी साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ (दोश्रो संशोधन बिध्येयक)
च. पोखरा महानगरपालिकाको पूर्वाधार विकासलाई व्यवस्थापन गर्न बनेको ऐन, २०७५ ( पहिलो संशोधन बिध्येयक)
छ. कृषि व्यवसाय प्रवर्धन ऐन, २०७४ (पहिलो संशोधन विध्येयक)
ज. पोखरा महानगरपालिका सहकारी ऐन, २०७५ (पहिलो संशोधन विध्येयक)
झ. पोखरा महानगरपालिका शुशासन ऐन, २०७५ पहिलो संशोधन विध्येयक)
ञ. नगर प्रहरी ऐन, २०७५ (पहिलो संशोधन विध्येयक)
ट. पोखरा महानगरपालिका फोहोर मैला व्यवस्थापन ऐन, २०७४ (पहिलो संशोधन बिध्येयक)

**तपशिल :**

अस्थायी, करार सेवा र सेवा करारमा कार्यरत कर्मचारी अवकाश हुंदा निम्न बमोजिम सुविधा उपलब्ध गराउने :

क) ३ देखी १० बर्ष सेवा अवधी पुरा गरेकालाई आफूले काम गरेको प्रत्येक वर्षको निमित्त मासिक तलब स्केलको एक तिहाई बराबरको रकम

ख) १० देखी २० बर्ष सेवा अवधी पुरा गरेकालांई बुँदा (क) बमोजिम तथा थप अवधिको हकमा आफूले काम गरेको प्रत्येक वर्षको निमित्त मासिक तलब स्केलको दुई तिहाइ बराबरको रकम

ग) २० बर्ष भन्दा माथि अवधी पुरा गरेकालाई बुँदा (क) र (ख) बमोजिम तथा थप अवधिको हकमा आफूले काम गरेको प्रत्येक वर्षको निमित्त प्रत्येक बर्षका लागि एक महिनाको तलब बराबरको रकम

घ) एक महिनाको सार्वजनिक सूचना जारी गरी स्वेच्छिक राजिनामा गर्ने कर्मचारीहरुलाई यसै बमोजिम सुविधा प्रदान गर्ने ।

ङ) यस निर्णय बमोजिम अवकाश प्राप्त तथा स्वेच्छिक राजिनामा गरी अवकाश लिने कर्मचारीहरुको हकमा साविकमा कर्मचारीहरुलाई प्रदान गरिएको औषधी उपचारको रकम सापटी जनिई भुक्तानी भएको र तत्काल प्रदान गरिंदा सुबिधाकै रुपमा प्रदान भएकाले त्यसलाई सुबिधामा परिणत गर्ने ।
च) यसका अतिरिक्त अन्य सुविधा प्रदान नगर्ने ।

**निर्णय नं.१०.**

यस महानगरपालिकाबाट चालु आ.व.मा बिनियोजित विभिन्न योजना तथा शिर्षकमा बिभिन्न कारण रकम नपुग भएको, प्रकोपको कारणले नयां कार्यक्रममा तत्काल खर्च गर्न आवश्यक भएको, महानगरपालिकाको प्रशासकीय भवन तथा वडा कार्यालय जस्ता संरचनाको निर्माण प्रकृया आरम्भ गर्न तथा केही अत्यावश्यक आयोजना तथा कार्यक्रम कार्यान्वयनको लागि बजेटको व्यवस्थापन गर्न आवश्यक भएकाले, चालु आर्थिक बर्षको कुल वजेट अंकमा हेरफेर नगरी क्रमागत बहुवर्षिय आयोजनामा बिनियोजित रकम मध्ये चालु आ.व. मा खर्च नहुने योजनाहरुमा बचत हुने रकमबाट तपसिल बमोजिम केही कार्यक्रम थप/शिर्षक संशोधन तथा बजेट रकमान्तर गर्ने प्रस्ताव स्वीकृतिको लागि नगर सभामा पेश गर्ने ।

| क्र.सं. | विवरण | वजेट शिर्षक नं. | चालु.आ.व.मा विनियोजित वजेट रु. | घटाउने रु. | शिर्षक संशोधन/ रकमान्तर थप रु. | कायम हुन आउन वजेट रु. |
|---|---|---|---|---|---|---|
| १ | बहु वर्षिय आयोजना (कनेक्टीङ्ग सडक समेत) | ८०.४३९.२०१.३१८ | ८१६.६८८.०००।०० | २४०४००००० | | ५७६.२८८.०००।०० |
| २ | भैपरी आउने चालुखर्च | ८०.४३९.२०१.७०१ | २३.१६१.०००।०० | १२५००००० | | १०.६६१.०००।०० |
| ३ | कोभिड १९ जोखिम भत्ता स्वास्थ्य कर्मचारी | | | | १२.५००.०००।०० | १२.५००.०००।०० |
| ४ | फिर्ता खर्च सरसफाई लगायत | | | | ३०.०००.०००।०० | ३०.०००.०००।०० |
| ५ | Matching Fund **सडक बोर्ड समेत** | | | | १२.६००.०००।०० | १२.६००.०००।०० |
| ६ | विभिन्न योजनाको स्वीकृत भएको भेरीयसन र थप आवश्यक रकम | | | | २६.८००.०००।०० | २६.८००.०००।०० |
| ७ | विभिन्न योजनाको संभाव्यता अध्ययन | | | | ५.०००.०००।०० | ५.०००.०००।०० |
| ८ | महानगरपालिका भवन निर्माण | | | | २०.०००.०००।०० | २०.०००.०००।०० |
| ९ | ने.वि. प्रा. संग सडक वत्ति व्यवस्थापनमा लागत साझेदारी गर्न | | | | २०.०००.०००।०० | २०.०००.०००।०० |
| १० | सि.सि.टि.भि. मर्मत तथा जडान | | | | ५.०००.०००।०० | ५.०००.०००।०० |
| ११ | Siltation Dam को लागि मर्मत संभार | | | | २०.०००.०००।०० | २०.०००.०००।०० |
| १२ | प्रमुख प्रशासकीय अधिकृतको निवास निर्माण | | | | २.५००.०००।०० | २.५००.०००।०० |
| १३ | Fire Truck लगायत सवारी साधन | | | | ८.०००.०००।०० | ८.०००.०००।०० |
| १४ | Ambulance Station निर्माण | | | | ६.०००.०००।०० | ६.०००.०००।०० |
| १५ | अव्यवस्थित सुकुम्वासी समस्या समाधान कार्यक्रम खर्च | | | | २.५००.०००।०० | २.५००.०००।०० |
| १६ | ताल संरक्षण रुपाताल, वेगनास ताल लगायत मापदण्ड समितिको कार्यक्रम खर्च | | | | २.५००.०००।०० | २.५००.०००।०० |
| १७ | माछापुच्छ्रे पार्क निर्माण | | | | ७.५००.०००।०० | ७.५००.०००।०० |
| १८ | वडा नं.. १४ को सडक निर्माण (ल्याण्ड फिल प्रभावित) | | | | १०.०००.०००।०० | १०.०००.०००।०० |
| १९ | सौर्य वत्ति जडान तथा मर्मत | | | | २.०००.०००।०० | २.०००.०००।०० |
| २० | बैदाम पामे घाँटी छिना सडक (नयाँ पिच) | | | | ३०.०००.०००।०० | ३०.०००.०००।०० |
| २१ | योजना कार्यान्वयनमा आवश्यक अन्य पूंजीगत खर्च | | | | १०.०००.०००।०० | १०.०००.०००।०० |
| २२ | प्रकोपबाट क्षेती भएका संरचना मरमत सम्भार | | | | २०.०००.०००।०० | २०.०००.०००।०० |
| | जम्मा | | ८३९८४९०००।०० | २५२९००००० | २५२.९००.०००।०० | ८३९८४९०००।०० |

## निर्णय नं. ११

यस महानगरपालिकाले निर्माण संचालन गरेका RTO रोडका बाटोमा परेका नीजि घर टहराहरु सम्बन्धित व्यक्तिहरु संग समन्वय गरि भत्काउने व्यवस्था मिलाउन निम्न बमोजिमको सहजीकरण समिति बनाउने ।

वडा नं. १७ का वडा अध्यक्ष श्री तिर्थराज अधिकारी- सदस्य
वडा नं. ७ का वडा अध्यक्ष श्री रामचन्द्र बराल- सदस्य
वडा नं. ९ का वडा अध्यक्ष श्री रामराज लामिछाने - सदस्य
वडा नं. १९ का वडा अध्यक्ष श्री शोभामोहन पौडेल- सदस्य
वडा नं. कार्यपालिका सदस्य श्री ओम गौचन - सदस्य

## निर्णय नं. १२

विश्व बैंकको सहयोग तथा शहरी विकास तथा भवन निर्माण विभागको समन्वयमा संचालन हुने Urban Governance & Infrastructure Project अन्तर्गतका कृयाकलाम यस महानगरपालिकामा संचालन गर्ने निर्णय गरियो । सो योजना संचालनको MOU मा हस्ताक्षर गर्ने अधिकार नगर प्रमुखले तोकेको पदाधिकारीले गर्ने गरी प्रत्यायोजन गर्ने । पहिलो योजनाको रुपमा सो परियोजना अन्तर्गत तालचोक बेगनास ताल सडक खण्ड ४ लेन बनाउने योजनाको MOU मा नगरपालिकाबाट सहमति जनाउने ।

## निर्णय नं. १३

यस महानगरपालिकाबाट संचालन गर्ने योजनाहरु मध्ये उपभोक्ता समिति मार्फत निर्माण गरिने सार्वजनिक मठ मन्दिर, चौतारा, पार्क, विधालय, सार्वजनिक शौचालय, पोखरी जस्ता योजनाहरुमा नियमानुसार उपभोक्ताबाट जुटाउनु पर्ने जनसहभागिता बापतको रकमको विषयमा पोखरा महानगरपालिकको सार्वजनिक खरीद नियामावली, २०७७ को अनुसुचि -१ संशोधन गर्ने ।

## निर्णय नं.१४

वडा नं. ८ न्यूरोडमा रहेको पहिले यातायात कार्यालय रहेको को भवनको कि.नं. २४४, १९९८ र ९५१२ क्षेत्रफल ०-१४-१-० को जग्गा पोखरा उपत्यका नगर विकास समितिले पाउने र त्यस सट्टा उक्त समितिले आफ्नो नामको ६ रोपनी जमीन यातायात व्यवस्था कार्यालय निर्माणको लागि उपलब्ध गराउने भनी नेपाल सरकारको निर्णय बमोजिम जग्गा सट्टापट्टाको निर्णय भएकोमा सो बमोजिम यातायात व्यवस्था कार्यालयले जग्गा प्राप्त गरी आफ्नो पूर्वाधार निर्माण गरेको तर नगर विकास समितिले अग्रीम कर वा पूँजीगत लाभकर लगायत राजश्व दाखीला गर्न स्रोतको अभाव भएको भनी राजिष्ट्रेसन गरी लालपूर्जा जारी हुन नसकेको उक्त जग्गा रजिष्ट्रेसन गर्दा लाग्ने रजिष्ट्रेसन र अग्रीम पुँजिगत लाभकर महानगरपालिकाबाट व्यहोर्ने गरी पोखरा उपत्यका नगर विकास समितिको नाममा जग्गा धनि प्रमाण पुर्जा बनाउने र पोखरा उपत्यका नगर विकास समिति संगको सहमति अनुसार उक्त जग्गामा वडा नं. ८ को कार्यालय भवन बनाउने । सो भवनको Ground floor मा विधुतिय गाडिको चार्जिङ्ग स्टेशन स्थापना तथा Under ground मा पार्किङ्ग व्यवस्थापन गर्ने गरी डिजाईन गर्ने । वडा नं. ८ को कार्यालय नवनिर्मित भवनमा स्थानान्तरण गरेपछि हालको वडा कार्यालय रहेको भवनमा नगर स्वास्थ्य प्रर्बधन केन्द्र स्थानान्तरण गर्ने ।

**निर्णय नं.१५**

यस महानगरपालिकाबाट संचालित बहुप्राविधिक शिक्षालयको लागि ल्यावका सामाग्री आवश्यक रहेकोमा त्रिभुवन विश्वबिद्यालय पश्चिमाञ्चल ईन्जिनियरिंग अध्ययन संस्थान लामाचौर पोखरामा प्रमाण पत्र तह खारेज भै प्रयोग नगरि राखिएका ल्यावका सामाग्रीहरु यस महानगरपालिकाले संचालन गरेको बहुप्राविधिक शिक्षालयको लागि उपलव्ध गराउन त्रिभुवन विश्वबिद्यालय पश्चिमाञ्चल ईन्जिनियरिंग अध्ययन संस्थान लामाचौर पोखरा संग अनुरोध गर्ने ।

**निर्णय नं.१६**

यस महानगरपालिकाका नयां भवन बनाउनु पर्ने तथा मर्मत संभार गर्नुपर्ने वडाहरुको लागि जग्गा तथा स्थान व्यबस्था भएको भए निर्माणको लागि तत्काल कारवाही अघि बढाउने र जग्गा उपलव्ध नभएका वडाहरुको लागि वडा संग समन्वय गरी उपयुक्त जग्गा खोजी सिफारिस गर्न तपसिल बमोजिमको समिति गठन गर्ने ।

बरिष्ठ ईन्जिनियर श्री शिशिर अर्याल
बरिष्ठ अधिकृत श्री सबिना गौतम
अमिन श्री प्रकाश सिग्देल

२०६८।१०।२४